**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**मानव संसाधन व्यवस्थापन विभागको**
**अनलाईन (Online) दरखास्त फारम सम्बन्धी सूचना**
**(मितिः २०८१/१०/०७)**

यस बैंकमा रिक्त रहेका देहायबमोजिमका पदमा करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले निम्नबमोजिमको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति **२०८१/१०/०७** गतेदेखि मिति **२०८१/१०/२१** गतेसम्म अनलाइन दरखास्त आव्हान गरिएको छ । दरखास्त साथ आफुले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, तोकिएको अनुभव खुल्ने प्रमाणपत्र तथा अन्य सम्पूर्ण प्रमाणपत्र स्क्यान गरी संलग्न गर्नुपर्नेछ । दरखास्त दस्तुर भुक्तानी नभएका वा म्याद नाघी प्राप्त हुन आएका वा रीत नपुगी पेश हुन आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन। झुट्टा विवरण पेश गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ। शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १ | १०७/२०८१ | इन्जिनियर | २ (दुई) | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण। | सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काममा न्यूनतम २ वर्षको कार्यानुभव भएको। |

**अन्य विवरण**

| | | |
|---|---|---|
| १ | उम्मेदवारको उमेर हदः | दरखास्त दिने अन्तिम मितिमा ४५ वर्ष ननाघेको |
| २ | उम्मेदवारको छनौट विधिः | लिखित परीक्षा तथा अन्तर्वार्ता । (दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा अन्तर्वार्ता मात्र हुनेछ।) |
| ३ | स्वीकृत नामावली प्रकाशनः | बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने। |
| ४ | परीक्षा कार्यक्रम प्रकाशनः | बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने। |
| ५ | करार सम्झौता अवधिः | करार सम्झौताको अवधि ६ महिनाको हुनेछ। |
| ६ | पारिश्रमिक तथा अन्य सुविधाः | बैंकको नियमानुसार करारनामामा उल्लेख भएबमोजिम हुनेछ। |
| ७ | काम गर्नुपर्ने कार्यालयः | बैंकको केन्द्रीय कार्यालय। |
| ८ | सेवा सम्बन्धी शर्तः | दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्त अनुसार हुनेछ। |
| ९ | अनलाईन दरखास्त पेश गर्ने तरीकाः | यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ। |

| | | |
|---|---|---|
| १० | परीक्षा दस्तूरः | रु.१०००।– (रीत नपूगेको कारणले आवेदन फारम अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।) |
| ११ | परीक्षा दस्तुर बुझाउने प्रक्रियाः | अनलाईन दरखास्त फाराम बुझाउने पोर्टलमा रहेका भुक्तानी सेवा प्रदायक मार्फत् बुझाउन सकिनेछ । |
| १२ | दरखास्त दिने अन्तिम मितिः | **२०८१/१०/२१** |

**नोटः**

क) सबै पदको परीक्षा कार्यक्रम (लिखित र अन्तर्वार्ता) काठमाण्डौमा सञ्चालन हुनेछ ।

ख) दरखास्त दिने उम्मेदवारको फोटो हालसालै खिचिएको हुनुपर्नेछ ।

ग) दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको मानव संसाधन व्यवस्थापन विभाग, बालुवाटार, काठमाण्डौ, फोन नं. ०१ ५७१९६४२, ०१ ५७१९६४३ एक्सटेन्सन १२१८, १२२५ वा १२१४ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत सम्पर्क गर्न सकिनेछ ।

घ) यो सूचना तथा उल्लिखित पदको पाठ्यक्रम यस बैंकको www.nrb.org.np को Career अन्तर्गत Notices भित्र राखिएको छ ।

**मितिः २०८१/१०/०७**

नेपाल राष्ट्र बैंक
मानव संसाधन व्यवस्थापन विभाग

०८१।१०।६

**उप–निर्देशक**

**तथा**

**सदस्य सचिव–पदपूर्ति उपसमिति**